**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता

गणेश राज पुरी
सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेत

**सार**

प्रस्तुत अध्ययन सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता शीर्षकमा अध्ययनका लागि सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रछात्राको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु र सामुदायिक तथा निजी विद्यालयका विद्यार्थीका अनुच्छेद लेखन क्षमता अध्ययन गर्नु र लैङ्गिकताका आधारमा लेखन क्षमताको अध्ययन गर्ने जस्ता उद्देश्यहरूमा आधारित भएर व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि प्राथमिक स्रोतका आाधारमा सुर्खेत जिल्लाका सरकारी विद्यालय कक्षा नौमा अध्ययन गर्ने छात्रछात्राको समान सहभागिता रहने गरी प्रत्येक विद्यालयबाट छात्रछात्रा ५/५ जनाका दरले एउटा विद्यालयबाट १० जना गरी सामुदायिक र निजी विद्यालय गरेर जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । दोस्रो सामग्रीका रूपमा पूर्वकार्य, पत्रपत्रिका, लेख रचना, सन्दर्भ पुस्तक रहेका छन् । यस अध्ययनमा विद्यार्थीको अनुच्छेद लेखन क्षमतालाई मापन र मूल्याकङ्न गर्न उनीहरूले लेखेको अनुच्छेदलाई सहयोगी मानिएको छ । विद्यार्थीले लेखेको अनुच्छेदलाई १० पूर्णाङ्क मानेर मूल्याकङ्न गरिएको छ । सम्पूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क स्थिति हेर्दा ५० प्रतिशतसम्म ल्याउने विद्यार्थीको सङ्ख्या ६७ जना ५० देखि ६० प्रतिशत ल्याउने २० जना, ६० देखि ७० प्रतिशत ल्याउने ६ जना, ७० देखि ८० प्रतिशत ल्याउने ८ जना विद्यार्थी रहेका छन् । यसरी ५० प्रतिशतभन्दा कम अङ्क ल्याउने बढी भएकाले सुर्खेत जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थितिलाई सन्तोषजनक रहेको पाइँदैन । सामुदायिक र निजी विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूले ४६ प्रतिशत र निजी विद्यालयका विद्यार्थीले ४९ प्रतिशत रहेकाले यी दुवै विद्यालयमध्ये निजी विद्यालयका विद्यार्थी अनुच्छेद लेखन राम्रो रहेको देखिन्छ भने लैङ्गिकताका आधारमा छात्रले ४६.८ प्रतिशत र छात्राले ५१.७ प्रतिशत प्राप्त गरेका छन् । अनुच्छेद लेखनमा क्षमता कमजोर भएकालाई समय मिलाई थप अभ्यास गराउनु पर्दछ । निजी विद्यालयमा घोक्ने र कण्ठ गर्ने परिपाटी हटाई स्वतन्त्र, मौलिक र सिर्जनात्मक लेखनलाई जोड दिनु पर्दछ । विद्यार्थीहरूलाई अनुच्छेद लेखन गराउँदा सुरुमा सरल विषयवस्तुबाट जटिल विषयवस्तुमा अनुच्छेद लेखन गराउनु पर्दछ ।

**मुख्य शब्दाली** : वाक्य, वर्णन, सत्यता, भाषा, पहिचान, विभाजन

**परिचय**

अनु उपसर्गमा छेद प्रत्यय लागेर अनुच्छेद निर्माण भएको हो । यो फ्रेन्च भाषाको Pargaphe बाट अंग्रेजी Paragraph भाषामा रूपान्तर भएको हो । अनुच्छेद एक वा एक भन्दा बढी वाक्यहरु मिलेर बनेको पूर्ण अभिव्यक्ति नै अनुच्छेद हो । यसले व्यक्तिको बौद्धिक, तार्किक क्षमताको विकास गराउँदछ । अनुच्छेद लेखन पनि विभिन्न क्षेत्रमा गर्न सकिन्छ । लेखन भनेको लेख्ने काम, लेखाइ सम्बन्धी सिप हो ( वाग्ले, २०७०) । अनुच्छेद कमभन्दा कम वाक्य समूहबाट व्यक्त गरिएको आलेख हो । यसमा कुनै खास विचारको अभिव्यक्ति गरिएको हुन्छ ।

दुई वा दुईभन्दा बढी वाक्यको प्रयोग गरी कुनै विषयमा केन्द्रित रही गरिएको वर्णनलाई अनुच्छेद भनिन्छ अथवा कुनै पनि विषयवस्तुलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिने लेखाइ पनि अनुच्छेद हो । अनुच्छेदमा कुनै विषयको एक प्रसङ्गको वर्णन हुन्छ भने अर्को प्रसङ्गको वर्णन गर्नु परे अर्कै अनुच्छेद लेख्नु पर्ने हुन्छ । अनुच्छेद लेखन विभिन्न क्षेत्रमा विभिन्न विषयमा गर्न सकिन्छ । अनुच्छेद लेखन आख्यानात्मक, वर्णनात्मक, वस्तुपरक, आत्मपरक, आलङ्कारिक तार्किकका आधार लेख्न सकिन्छ । पाँचदेखि नै विद्यार्थीलाई रचनात्मक कार्यमा सरिक गराउन निर्देशन गरेको छ । जसले गर्दा विद्यार्थीको रचनात्मक, सिर्जनात्मक सिपको विकास गरी शब्द भण्डार क्षमताको वृद्धि गर्न सघाउँछ ।

भाषाको चारओटा सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ हुन् जसले एकको अभावमा अर्को पक्षको काम पूर्ण गर्न नसकेको स्थितिमा मानिसले लेखनको सहयोग लिन्छन् । तुलनात्मक रूपमा लिखित भाषा स्थायी प्रकृतिको हुन्छ । यसले व्यक्तिका अन्तरमनका सिपलाई कलात्मक रूपले लेखाइ सिपमा प्रस्फुटन गर्न मद्दत पुऱ्याउँछ । वाक्य वाक्य मिलेर अनुच्छेद बन्दछ । यो वाक्यभन्दा मथिल्लो अभिव्यक्तिको एकाइ अनुच्छेद हो । यसमा साना वैचारिक एकाइका रुपमा अभिव्यक्ति पारस्परिक सापेक्षतामा सङ्गठित भएका हुन्छन् । विद्यार्थीहरूको अनुच्छेद लेखन शीर्षकमा केन्द्रीत रहेर वाक्यको संरचना, वर्णविन्यास शुद्धताका साथै अनुच्छेदको सफाईलाई विशेष जोड दिई निष्कर्ष निकालिन्छ । यसको मुख्य प्रयोजन लेखन सिपको विकास गरेर शुद्ध प्रस्ट र स्तरीय भाषिक क्षमताको विकास गर्नु हो । यसले विद्यार्थीलाई विषयवस्तुको सुसङ्गठित गर्ने कार्यमा सघाउ पुऱ्याउँछ ।

अधिकारी (२०७४) मा *साधारण नेपाली*मा अनुच्छेद रचना निर्देशित र स्वतन्त्र रूपमा रचना गर्न सकिन्छ भनेका छन् । शिक्षकद्वारा निर्देशित रचनागत ढाँचा तथा पूर्णनिश्चित बुँदामा आधारित भएर विद्यार्थीलाई खास रचनाको अभ्यास गराइन्छ । यसलाई यसमा सिकारुको आफ्ना ज्ञान र अनुभवका विषय शीर्षकमा स्वतन्त्र रचना गराइन्छ । जसले गर्दा शिक्षार्थीमा भाषाका संरचना र स्वरूप प्रस्तुत गर्ने आदत निर्माण हुन्छ । यसले वर्णहरूको उचित संयोजन, शब्द प्रयोगमा सही छनोट, वाक्य गठनमा पदहरूको सङ्गति, विचारलाई सङ्गठन गर्ने सिप आदिको विकास हुने गर्दछ । लेखाइको प्रारम्भिक निर्देशित लेखनलाई लिएपछि मात्र स्वतन्त्र लेखन गर्न सकिन्छ । कुनै शीर्षकमा आधारित भएर शिक्षार्थीलाई स्वतन्त्र रूपमा आफ्ना अनुभव व्यक्त गर्ने अभ्यासलाई स्वतन्त्र लेखन भनिन्छ । यसमा कर्ताको अगाडि कुनै पूर्ण निर्दिष्ट बुँदाहरूको नियन्त्रण हुँदैन । निर्देशित लेखनपछि स्वतन्त्र लेखन गर्न उपयुक्त हुन्छ । यसमा विचारको सङ्गठन शैलीको छनोट, लेखनमा सहज बन्न सक्दछ । यस लेखन अभ्यासबाट विद्यार्थीको विचार भाव, भाषिक संरचना आदिको सङ्गठित स्वरूप निर्माण गर्न सहयोग पुग्दछ । स्वतन्त्र लेखनमा शिक्षार्थीले आफ्नो अनुभव, साहित्यिक रचनाका विचार पक्ष र आफ्नो मनोज्ञान अभिव्यक्त गर्न सक्दछन् ।

सुवेदी (२०७६) *माध्यमिक तह नेपाली अध्यापन अनुमतिपत्र*मा अनुच्छेद वाक्यभन्दा ठूलो भाषिक एकाई हो । कुनै पनि विषय वा शीर्षकका बारेमा लेखिएका २/३ वाक्यभन्दा बढी मिल्दा जुल्दा वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ । यसमा मिल्दाजुल्दा वाक्यहरूको माध्यमबाट खास दृष्टिकोण प्रस्तुत भएको हुन्छ । अनुच्छेद आदि, मध्य र अन्त्य गरी तीन भागमा रहेका हुन्छन् । आदि भागमा शीर्षवाक्य, मध्य भागमा सहयोगी वाक्य, अन्त्य भागमा निष्कर्षात्मक वाक्य हुन्छ । अनुच्छेद लेख्दा सुरुमा उपयुक्त शीर्षक चयन गर्ने, त्यसपछि शीर्षक अनुसारका बुँदा टिपोट गर्ने, बुँदाको क्रम निर्धारण गर्ने, शीर्ष वाक्य लेख्ने, सहयोगी वाक्य लेख्ने, सारांशीकृत वाक्य लेख्ने, शैली निर्धारण गर्ने र सरल, सहज सम्प्रेष्य भाषाको प्रयोग गरेर अनुच्छेद लेख्नुपर्छ । जसले गर्दा अनुच्छेद स्तरीकृत, उपयुक्त हुन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

प्रस्तुत अध्ययनको शीर्षकले विद्यार्थीमा अनुच्छेद लेखन सिपको अध्ययन गर्ने विषयलाई जनाएको छ । वीरेन्द्रनगर नगरपालिकामा कक्षा नौमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता कस्तो छ र लेखाइको क्रममा कहाँ त्रुटि छ त्यसको पहिचान गर्नका लागि पर्याप्त मात्रामा अनुसन्धान नभएकोले सत्य पत्ता लगाई निराकरणका उपाय खोजी गर्ने हेतुले विद्यार्थीलाई अनुच्छेद लेख्न लगाई सामग्री सङ्कलन तथा व्याख्या विश्लेषण गरिएको छ ।

अनुच्छेद लेखन मौखिक विचार सुसङ्गठित रूपमा प्रस्तुत गराउने र विद्यार्थीहरूको अनुभव, शब्दभण्डार क्षमतासँग सम्बन्धित हुने हुँदा यसको आकार प्रकार निश्चित हुँदैन । यसको मुख्य उद्देश्य लेखन क्षमताको विकास गर्ने, शुद्ध स्पष्ट र स्तरीय भाषिक क्षमताको विकास गर्नु हो । यसले विद्यार्थीमा तार्किक, बौद्धिक क्षमताको विकास गरी स्वतन्त्र लेखनमा निखारपन ल्याउने कार्यमा महत्त्वपूर्ण मानिन्छ ।

## उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र निजी विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलना गर्नु र लैङ्गिक आधारमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको तुलना गर्नु रहेको छ ।

## अध्ययन विधि

कुनै पनि विषयको शीर्षकमा खोज अनुसन्धान गर्दा अध्ययन विधिलाई अवलम्बन गरिन्छ । यस अध्ययनका लागि परिमाणात्मक विधि प्रयोग गरिएको छ । परिमाणात्मक विधि गणितीय तथ्याङ्कका आधारमा गरिएको भएकाले यो विधि अङ्क सङ्ख्यामा आधारित हुन्छ भने यस अध्ययनका लागि परिमाणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययन कार्य पूरा गर्नका लागि स्थलगत अध्ययन सर्वेक्षण विधिको समेत उपयोगमा ल्याइएको छ । जुन यस प्रकार छन् :

यस अध्ययनका लागि सुर्खेत जिल्लाका वीरेन्द्रनगर नगरपालिकाका दसओटा विद्यालयका विद्यार्थीलाई जनसङ्ख्या रूपमा लिइएको छ । त्यसैगरी ती विद्यालयका कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका विद्यालयका छात्रछात्रा दुवै समूहबाट समावेश हुने गरी प्रत्येक विद्यालयका १०/१० जना गरी जम्मा ६० जना प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । अनुच्छेद लेखनका लागि शीर्षक दिइएको छ ।

प्रस्तुत अध्ययनको अध्ययन क्षेत्र सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका सामुदायिक विद्यालय अन्तर्गत श्री नेपाल राष्ट्रिय मा.वि. वी.न.पा. ८ खजुरा, श्री नेपाल राष्ट्रिय चन्द्रगङ्गा मा.वि., वी.न.पा. - ११, गाग्रेताल, शिव माध्यमिक विद्यालय, वी.न.पा. - ११, धुलियाविट रहेका छन् भने नीजि विद्यालय अन्तर्गत शुभतारा बोर्डिङ्ग स्कुल, वी.न.पा. - ११, पिपिरा, गोल्डेन अङ्ग्रेजी विद्यालय, वी.न.पा. - ११, पिपिरा, ब्राइटल्याण्ड मा.वि., वी.न.पा. - ११, पिपिरा रहेका छन् । कक्षा नौमा अध्ययनरत विद्यार्थीमध्ये अनुच्छेद लेखन क्षमताको स्तर वृद्धिका लागि सुझाव दिने समूहमा पर्ने गरी जम्मा ६० जना विद्यार्थीहरू सीमित रहेका छन् । लैङ्गिक आधारमा छात्र छात्राको सङ्ख्या बराबर ५/५ जना रहेको गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

अनुसन्धानलाई सरल र सहज होस् भनेर तथ्याङ्क सङ्कलनका साधन र विधि अपनाइएको गरिन्छ । प्रस्तुत अध्ययनमा विद्यार्थीको अनुच्छेद लेखन क्षमता अध्ययनका लागि निम्न साधन विधि अपनाइएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

प्रस्तुत अध्ययनलाई पूरा गर्नका लागि वीरेन्द्रनगर नगरपालिकामा छनोट गरिएका दसओटा विद्यालयका कक्षा नौमा अध्ययनत विद्यार्थीहरूको अनुच्छेद लेखनको शीर्षक दिएर लेखन कार्य गराई सामग्री सङ्कलन गरिएको छ। अनुच्छेद लेखन कार्य गर्नका लागि स्वतन्त्र शीर्षक प्रयोग गरिएको छ।

प्रस्तुत अध्ययन गर्नका लागि तथ्याङ्क सङ्कलन प्रक्रिया अध्ययनको क्रममा विद्यालयमा प्रत्यक्ष सहभागी भई अनुच्छेद लेखनका बारेमा जानकारी गरिएको छ। सुरुमा अनुच्छेद लेखन गर्ने तरिका बताएर स्वतन्त्र अनुच्छेद लेखनको बारेमा जानकारी गराई अनुच्छेद लेखन कार्य सुरु गर्न दिइएको छ। अनुच्छेद परीक्षण गरिसकेपछि आवश्यक सल्लाह, सुझाव दिइएको छ। विद्यार्थीले गल्ति गरेका ठाउँ सच्याउन लगाई सुधारात्मक कार्य गरिएको छ।

यस कार्यमा विद्यार्थीले विषयवस्तु लेखाइमा विषयवस्तुको प्रस्तुतीकरण, भाषिक शुद्धता, तार्किक क्षमता र सिर्जनात्मक क्षमताको अध्ययन गरी विश्लेषण गरिएको छ। यसमा विषयवस्तु संयोजन, मौलिकता, शैली, वर्णविन्यास, शुद्धाशुद्धी, स्तरीयता, सिर्जनात्मक सिप पक्षको अध्ययन गरिएको छ। उपलब्ध भएका तथ्याङ्कहरूको वस्तुगत अध्ययन र समूहगत तालिकीकरण निर्धारण गरी अनुच्छेद लेखन क्षमताको तथ्याङ्कलाई प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ।

**तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

प्रस्तुत अध्ययनमा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्ने उद्देश्य राखिएको छ। उक्त उद्देश्यलाई पूरा गर्नका लागि सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गत तीन ओटा सामुदायिक र तीनओटा निजी विद्यालयबाट ६० जना छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ। अनुच्छेद लेखन क्षमताका लागि २५ मिनेटको समय दिई ‘दसैँ’ शीर्षकमा लेखिएको अनुच्छेदका संरचना, भाषाशैली र वर्णविन्यासलाई मूल्याङ्कनको मुख्य आधार बनाई १० पूर्णाङ्क निर्धारण गरिएको छ। तथ्याङ्क विश्लेषण गर्दा १० अङ्कलाई ६० मानी त्यसै अनुरूप व्याख्या र विश्लेषण गरिएको छ।

तालिका १

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालयको नाम : श्री ने.रा. चन्द्रगङ्गा मा.वि, वीरेन्द्रनगर- १२, गाग्रेताल, सुर्खेत

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | रत्ना के.सी. | ६ | ७ | ६० |
| २ | गङ्गा नेपाली | ३ | ३ | ३० |
| ३ | देवीसरा गाहा मगर | ५ | ५ | ५० |
| ४ | सिर्जना रस्तेल | २ | २ | २० |
| ५ | मुना रोकाय | ४ | ४ | ४० |
| ६ | रमेश शर्मा | ७ | ७ | ७० |
| ७ | भीम ब. खत्री | २ | २ | २० |
| ८ | हरिस मल्ल | ६ | ६ | ६० |
| ९ | कमल खड्का | ४ | ४ | ४० |
| १० | संगम राना | ५ | ५ | ५० |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

उपर्युक्त तालिका अनुसार जम्मा दस जना विद्यार्थीमध्ये सबैभन्दा राम्रो लेख्ने रमेश शर्माले ७० प्रतिशत अङ्क प्राप्त गरेका छन् भने रत्ना के.सी. र हरिस मल्लले ६० प्रतिशत अङ्क ल्याएका छन् । ५० र ४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूलाई नराम्रो मान्न सकिँदैन भने २० र ३० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूले अनुच्छेद लेख्न सुधार गर्नुपर्ने देखिन्छ ।

तालिका २

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालय : नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वीरेन्द्रनगर ८, खजुरा

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | कमला बुढा | ३ | ३ | ३० |
| २ | चेतन खत्री | ५ | ५ | ५० |
| ३ | दीपा लम्साल | ६ | ६ | ६० |
| ४ | सिम्रन खान | ३ | ३ | ३० |
| ५ | शोभा शाही | ३.५ | ३.५ | ३५ |
| ६ | भविन सुनार | ७ | ७ | ७० |
| ७ | जोना तामाङ | ४ | ४ | ४० |
| ८ | दिनेश थापा | ५ | ५ | ५० |
| ९ | जिया खड्का | ४ | ४ | ४० |
| १० | भीम ब. खत्री | ३ | ३ | ३० |

प्रस्तुत तालिका अनुसार भविन सुनारले ८० प्रतिशत अङ्क, दीपा लम्साल ६०, दिनेश थापा र चेतन खत्रीले ५० प्रतिशत अङ्क प्राप्त गरेका छन् । यिनीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको छ भने ३५ र ४० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूलाई नराम्रो मानिदैन । ३० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूले अनुच्छेद लेखनमा सुधार गर्नुपर्ने देखिन्छ ।

तालिका ३

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालय : श्री शिव माध्यमिक विद्यालय, वीरेन्द्रनगर - ११, धुलियाविट, सुर्खेत

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रेम ज्ञवाली | ५ | ५ | ५० |
| २ | प्रेम न्यौपाने | ४.५ | ४.५ | ४५ |
| ३ | वसन्ती घर्ती | ६ | ६ | ६० |
| ४ | विमला खतिवडा | ५ | ५ | ५० |
| ५ | रोसन ढकाल | ४ | ४ | ४० |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

| | | | | |
|---|---|---|---|---|
| ६ | विनीता लम्साल | ४.५ | ४.५ | ४५ |
| ७ | शिवराज सुवेदी | ५ | ५ | ५० |
| ८ | प्रयत्न खड्का | ६ | ६ | ६० |
| ९ | वर्षा शाही | ६ | ६ | ६० |
| १० | शिवानी खराल | ५.५ | ५.५ | ५५ |

प्रस्तुत तालिका अनुसार वसन्ती, प्रयत्न र वर्षा शाहीले ६० प्रतिशत अङ्क, शिवानी ५५ प्रतिशत, प्रेम, विमला र शिवराजले ५० प्रतिशत अङ्क, विनीता र प्रदिपले ४५ प्रतिशत, रोसनले ४० प्रतिशत अङ्क ल्याएका छन् । माथिका तालिकालाई हेर्दा विद्यार्थीको समग्र अनुच्छेद लेखन क्षमतालाई हेर्दा उत्तम नै मानिन्छ ।

तालिका ४

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालय : ब्राइटल्यान्ड माध्यमिक विद्यालय, वीरेन्द्रनगर -११, पिपिरा, सुर्खेत

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | किशू बि.सी | ५.५ | ५.५ | ५५ |
| २ | दिक्षा बस्याल | ५ | ५ | ५० |
| ३ | मुवित रजवार | ३ | ३ | ३० |
| ४ | प्रवेश नेपाली | ३ | ३ | ३० |
| ५ | टेक नारायण गिरी | ५ | ५ | ५० |
| ६ | रमेश शर्मा | ५.५ | ५.५ | ५५ |
| ७ | कुल ब. खत्री | ३ | ३ | ३० |
| ८ | प्रजोन शाही | ३ | ३ | ३० |
| ९ | विशिष्ट राना | ६ | ६ | ६० |
| १० | हिर्देश लामिछाने | ५ | ५ | ५० |

प्रस्तुत तालिका अनुसार अनुच्छेद लेख्नमा विशिष्ट रानाले ६० प्रतिशत अङ्क प्राप्त गरेकी छिन् । त्यसै गरी किशु वि.सी.ले ५५ प्रतिशत, दिक्षा बस्यालले ५० प्रतिशत अङ्क, रमेश शर्माले ५५ प्रतिशत, टेकनारायण गिरीले ५० प्रतिशत अङ्क, मुवित रजवार, प्रवेश नेपाली, कुलबहादुर खत्री र प्रजोन शाहीले ३० प्रतिशत अङ्क प्राप्त गरेका छन् भने हिर्देश लामिछानेले ५० प्रतिशत प्राप्त गरेका छन् । यसरी हेर्दा ६०, ५५, ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिन्छ भने अन्य विद्यार्थीहरूले सुधार गर्नुपर्ने देखिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

तालिका ५

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालय : गोल्डेन इंगलिस एकेडेमी, वीरेन्द्रनगर -११, पिपिरा, सुर्खेत

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | स्मृती चौधरी | ७.५ | ७.५ | ७५ |
| २ | पुष्पा चौधरी | ८ | ८ | ८० |
| ३ | बिनम खत्री | ७.५ | ७.५ | ७५ |
| ४ | भीमा पोखेल | ७.५ | ७.५ | ७५ |
| ५ | भूपेन्द्र विक | ५ | ५ | ५० |
| ६ | बिनीता खड्का | ६ | ६ | ६० |
| ७ | कर्ण ब. रोकाय | ४ | ४ | ४० |
| ८ | विवेक गुरुङ्ग | ७ | ७ | ७० |
| ९ | रीतेस शर्मा | ५ | ५ | ५० |
| १० | सीता शाही | ४ | ४ | ४० |

प्रस्तुत तालिका अनुसार पुष्पा चौधरी ८० प्रतिशत अङ्क प्राप्त गरेकी छिन् । उनले अनुच्छेदका सबै आधारभूत पक्षहरूलाई समेटेर लेखिएको पाइयो भने स्मृती चौधरी, बिनम खत्री र भीमा पोखेलले ७५ प्रतिशत अङ्क प्राप्त गरेका छन् । त्यसैगरी विवेक गुरुङ्गले ७० प्रतिशत, बिनीता खड्काले ६० प्रतिशत, भूपेन्द्र विकले र रीतेश शर्माले ५० प्रतिशत, कर्ण रोकाय र सीता शाहीले ४० प्रतिशत अङ्क प्राप्त गरेका छन् । समग्रमा विद्यार्थीको अनुच्छेद लेख्ने क्षमता उत्तम नै रहेको नतिजा प्राप्त भएको छ ।

तालिका ६

*विद्यार्थीहरूको अनुच्छेद लेखनको प्राप्ताङ्क तालिका*

विद्यालय : शुभतारा बोर्डिङ स्कुल, वीरेन्द्रनगर - ११, पिपिरा, सुर्खेत

कक्षा : नौ समय : २५ मिनेट

विषय : नेपाली पूर्णाङ्क : १० उत्तीर्णाङ्क : ४

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | हिमांशु शाही | ४ | ४ | ४० |
| २ | पूर्णिमा चालिसे | ४ | ४ | ४० |
| ३ | कृषिका थापा मगर | ५ | ५ | ५० |
| ४ | आयुष दहित | २ | २ | २० |
| ५ | दिपेन्द्र विष्ट | ५ | ५ | ५० |
| ६ | सुस्मिता नेपाली | ४ | ४ | ४० |
| ७ | पुनम शाही | ७ | ७ | ७० |
| ८ | संगम नेपाली | ६ | ६ | ६० |
| ९ | श्रीया खड्का | ३ | ३ | ३० |

प्रस्तुत तालिका अनुसार अनुच्छेद लेखनमा आवश्यक सम्पूर्ण पक्षहरू समावेश गरेर पुनम शाहीले ७० प्रतिशत अङ्क प्राप्त गरेकी छिन् । त्यसैगरी संगम नेपालीले ६० प्रतिशत, दिपेन्द्र विष्ट र पुनम शाहीले ५० प्रतिशत, सुस्मिता नेपाली, हिमाँशु शाही र पूर्णिमा चालिसेले ४० प्रतिशत, श्रीया खड्काले ३० प्रतिशत, आयुष दहितले २० प्रतिशत अङ्क प्राप्त गरेका छन् । समग्रमा ३० र २० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीले अनुच्छेद लेखनमा सुधार गर्नुपर्दछ भने अरु विद्यार्थीहरूको राम्रै रहेको देखिन्छ ।

**समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति**

वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता दसैँ शीर्षकमा उक्त नगरपालिकाका १० ओटा विद्यालयलाई छनोट गरिएको छ । यसरी १० ओटा विद्यालयका जम्मा ६० जना विद्यार्थीका नमुना छनोट गरी अध्ययन गरिएको छ । उक्त नगरपालिकाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको समग्र अनुच्छेद लेखन क्षमता निम्नानुसार रहेको छ ।

समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन स्थिति

| प्राप्ताङ्क (प्रतिशत) | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५० प्रतिशतसम्म | ६७ | ६७ |
| ५० देखि ६० प्रतिशतसम्म | २० | २० |
| ६० देखि ७० प्रतिशतसम्म | ६ | ६ |
| ७० देखि ८० प्रतिशतसम्म | ८ | ८ |

माथिको तालिका अध्ययनको छनोटमा १० ओटा विद्यालयका ६० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई समग्रमा हेर्दा ६० जना विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विभाजन गरिएको छ ।

यसरी माथिको तालिकाले ५० प्रतिशतसम्म ल्याउने विद्यार्थीहरू ६७ जना, ५० देखि ६० प्रतिशतसम्म ल्याउने २० जना, ६० देखि ७० प्रतिशतसम्म ल्याउने ६ जना र ७० देखि ८० प्रतिशतसम्म ल्याउने ८ जना विद्यार्थी रहेका छन् । यसरी सबैभन्दा बढी ५० प्रतिशत सम्म अङ्क ल्याउने रहेका छन् भने समग्र रूपमा हेर्दा वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति त्यति राम्रो रहेको पाइँदैन । त्यसैले ५० प्रतिशत अङ्क ल्याउनेको सङ्ख्या ६७ रहेकाले लेखाइ शिक्षणमा जोड दिनुपर्ने देखिन्छ ।

**लैङ्गिकताका आधारमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति**

वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता शीर्षकमा उक्त नगरपालिकामा १० ओटा विद्यालय छनौट गरी ती विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको नमूना छनोट गरेर अध्ययन गरिएको छ भने उनीहरूको समग्र अनुच्छेद लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ ।

लैङ्गिकताका आधारमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको स्थिति

| जम्मा विद्यार्थी सङ्ख्या | लिङ्ग | सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १०० | छात्रा | ३० | २५८.५ | ५१.७ |
| | छात्र | ३० | २३४ | ४६.८ |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

माथिको तालिका अध्ययनको छनौटमा १० ओटा विद्यालयका ५० छात्रा र ५० छात्र गरी जम्मा ६०० विद्यार्थी रहेका छन् । यस तथ्याङ्कलाई समग्रमा हेर्दा छात्राले ५१.७ प्रतिशत प्राप्त गरेका छन् । यस तथ्याङ्कका आधारमा छात्राहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको छ भने छात्रहरू लेखन क्षमतामा सुधार गर्नुपर्छ ।

**अनुच्छेद लेखन सम्बन्धी गल्तीहरूको प्रकृति**

अनुच्छेद लेखन सम्बन्धी गल्तीहरूको प्रकृति यस शोधपत्र अनुसन्धानको विषय कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन र अनुच्छेद लेखन सम्बन्धि विषयवस्तु, शीर्षक, वर्णविन्यास, संरचना आदि पक्षको विद्यार्थीमा के कस्तो ज्ञान छ भनी पत्ता लगाउने भएकाले वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौमा अध्ययनरत ६० जना विद्यार्थीहहरू छनोट गरेर अनुच्छेद लेखनका लागि शीर्षक दिएर लेख्न लगाइएको थियो । उनीहरूको अनुच्छेद लेखनमा केही मात्रामा गल्ती र केही मात्रामा सचेत रहेका पनि छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेखनमा वर्णविन्यास, शीर्षक, भाषाशैली, संरचनामा गल्ती देखिएको पाइन्छ भने निजी विद्यालयका विद्यार्थीमा लेखनमा त्रुटि पाइयो । अनुच्छेद लेखनमा उनीहरूले संरचनामा ध्यान नदिएको शुद्धाशुद्धिमा ध्यान नदिएको पनि पाइयो । यसरी समग्रमा ३ ओटा सामुदायिक र ३ ओटा निजी विद्यालयको विद्यार्थीहरूले गरेका गल्तीहरूलाई शीर्षक लेख्न बिर्सनु, संरचनाको बारेमा जानकारी नहुनु, वर्णविन्यासमा शुद्ध नहुनु र लेख्य चिह्नको प्रयोग गर्न बिर्सेका छन् ।

यसरी विभिन्न गल्ती पहिल्याउदै सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका पाँचओटा सामुदायिक र पाँच ओटा निजी विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट १० जनाका दरले ६० जना विद्यार्थीहरू छनोट गरी १० पूर्णाङ्कमा एउटा स्वतन्त्र शीर्षकमा अनुच्छेद लेख्न लगाई मूल्याङ्कन गरिएको छ । समग्रमा हेर्नुपर्दा केही प्रतिशतले सरकारी भन्दा निजी विद्यालयका विद्यार्थीहरूको नतिजा राम्रो रहेको छ भने अनुच्छेद लेखनमा वर्ण विन्यासगत शुद्धता, संरचनाका बारेमा थाहा नभएको पाइयो ।

**निष्कर्ष**

अनुच्छेद माध्यमबाट विद्यार्थीको लेखन सीपको स्तर पत्ता लगाउन सकिन्छ । यसले लेखकको सिर्जनात्मक, बौद्धिक, तार्किक, मौलिक सीपको विकास गर्नुका साथै विद्यार्थीलाई खोजमूलक बनाउने काम पनि गर्दछ । अनुच्छेद लेख्ने विद्यार्थीले गर्ने वर्णविन्यासगत त्रुटि र व्याकरणगत त्रुटिमा सुधार पनि ल्याउँछ । यसले शीर्षक अनुकूल भाषिक छनोट गर्न, कुनै कुरालाई सङ्क्षेपीकरण गर्न, विषयका अभिव्यक्तिलाई प्रसङ्ग अनुकूल समायोजन गर्न र कुनै विषयमा क्रमबद्ध रूपमा लेख्नका लागि अनुच्छेद लेखन बढी उपयोगी मानिन्छ ।

सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका कक्षा नौमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरू मध्येबाट जम्मा ६० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा छनोट गरी उक्त अध्ययन गर्दा विषयवस्तु, संरचना, भाषाशैली र वर्णविन्यासका आधारमा दसैं शीर्षकमा अनुच्छेद लेख्न लगाएर उत्तरपुस्तिका परीक्षण गरी साङ्ख्यिकीय आधारमा तिनीहरूको क्षमता निर्धारण गर्दै शोधपत्र तयार गरिएको छ ।

यस अध्ययनमा समग्र विद्यार्थीहरूको लैङ्गिकताका आधारमा समग्र विद्यार्थीको आधारमा र विद्यालयको प्रकृतिका आधारमा प्रतिशताङ्कमा केन्द्रित भएर विद्यार्थीको अनुच्छेद लेखन अवस्था अध्ययनमा रहेको छ ।

सामुदायिक र निजी विद्यालयका आधारमा पनि अनुच्छेद लेखन क्षमतामा कस्तो भिन्नता रहेको छ भनी अध्ययन गरिएको छ । सामुदायिक र निजी विद्यालयबाट ३०/३० जना विद्यार्थी गरी जम्मा ६०

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

जना विद्यार्थी रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीले ४६ प्रतिशत अङ्क प्राप्त गरेका छन् भने निजी विद्यालयका विद्यार्थीहरूले ४९ प्रतिशत प्राप्त गरेका छन् । यसरी समग्रमा हेर्दा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीमा सामुदायिकभन्दा निजी विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो देखिएको छ ।

लैङ्गिकताका आधारमा छात्राको तुलनामा छात्रको अनुच्छेद क्षमता कमजोर रहेको देखिन्छ । ३० जना छात्राहरूले ५१.७ प्रतिशत अङ्क प्राप्त गरेका छन् भने ३० जना छात्रले ४६.८ प्रतिशत प्राप्त गरेका छन् । यसरी हेर्दा सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययन गर्ने छात्रहरूको अनुच्छेद लेखन क्षमताभन्दा छात्राहरुको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**सन्दर्भसूची**

अधिकारी, रामकुमार (२०७४), स्नातक *साधारण नेपाली,* काठमाडौँ : जुपिटर प्रिन्टिङ ।

पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

बोहोरा, नीताकुमारी (२०७६), *पञ्चपुरी नगरपालिका कक्षा आठमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

भण्डारी, पारसमणि (२०७६), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, महेन्द्र (२०७०), *बाँके जिल्लाका उच्च माध्यमिक विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

शाही, शान्तिकुमारी (२०७६), *कालिकोट कक्षा सातका विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

सुवेदी, कृष्णप्रसाद (२०७६), *माध्यमिक तह नेपाली अध्यापन अनुमति पत्र,* काठमाडौँ: गुडविल पब्लिकेसन ।